# अजयमेरु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भद्रपुर, डडेल्धुरा
## प्रदेश नं. ७, नेपाल

प.स.:- ०७५/ ७६ मिति : २०७५।४।२४

**उपभोक्ता समिति गठन गर्ने सम्बन्धी अजयमेरु गाउँपालिकाको सुचना ।**

यस अजयमेरु गाउँपालिबाट चालु आ.व.०७५/०७६ मा सञ्चालन हुने योजनाहरुको लागि यहि मिति २०७५ साल भाद्र १५ गते भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि उपभोक्ता समिति गठन गरि भाद्र २५ गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गरिसक्नुहुन सम्पुर्ण वडा कार्यालयहरु,सरोकारवालाहरु एंव उपभोक्ताहरुको जानकारीका लागि यो सुचना प्रकाशन एंव प्रसारण गरिएको छ ।

खेमराज पाठेत
प्रमुख प्रशासकीय अधिकृत

तपशिल :-

(१) उपभोक्ता समिति गठन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै कम्तिमा ७ (सात) देखि बढिमा ११ ( एघार) सदस्यीय उपभोक्ता समिति र ३ (तिन) देखि ५ (पांच) सदश्यीय अनुगमन तथा मुल्याङकन समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिमा वस्ने सबै व्यक्तिहरुले योजना सम्झौताको समयमा नेपालि नागरिकताको प्रमाणपत्रको प्रर्तिपिल अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(२) गाउँ सभाका सदस्य , राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय स्थानीय तहको कुनैपनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक,वालविवाह वा वहुविवाह गरेका व्यक्ति, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, कालो सुचीमा परेकाहरु , नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिको सदश्य वा पदाधिकारि हुन पाउने छैनन् ।

(३) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ र समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू साक्षर ( पत्र पढन सक्ने,निर्णय पढन सक्ने र सामान्य हिसाव किताव राख्न सक्ने ) हुनुपर्नेछ ।

(४) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन, साथै एका सगोलका परिवार बाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइनेछैन ।

(५) उपभोक्ता समिति गठन गर्दा वडा सचिव वा वडा सचिवले तोकेको कर्मचारी र वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको पदाधिकारिको रोहबरमा गठन गर्नुपर्नेछ ।



(६) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरि सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी लाई कारवाही हुनेछ ।

"शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन र भौतिक पूर्वाधार
जनमुखि प्रशासन समृद्ध अजयमेरुको मुल आधार"

email: ajayamerugaupalika@gmail.com
website : www.ajayamerumun.gov.np
facebook page : अजयमेरु गाउँपालिका

प.स.:- ०७५/ ७६ मिति : २०७५।४।२४

(६) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरि सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी लाई कारवाही हुनेछ ।

७ तोकिएको समयभित्र उपभोक्ता समिति गठन भईआउन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

८) प्रत्येक वडामा कम्तिमा १ वटा उपभोक्ता समितिमा शतप्रतिशत महिला सहभागिता तथा प्रतिनिधित्व हुनुपर्नेछ ।

९) गत आ.व.मा सम्झौता अनुसार कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिका पदाधिकारिहरु लाई सक्भर उपभोक्ता समितिमा नराख्ने ।

१०) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्नइच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्नसकिने भएमा त्यस्ता समूह मार्फत योजना सञ्चालन गर्न सकिनेछ तर उक्त समितिलाई भेला बाट अनुमोदन गर्नुपर्ने छ ।

११) गत आ.व.मा गठन भएका उपभोक्ता समितिलाई मान्यता दिन सकिने छ तर उक्त समिति लाई भेला बाट अनुमोदन गर्नुपर्नेछ ।

पाना संख्या - २

खेमराज पाँडेल
प्रमुख प्रशासकीय अधिकृत